# शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल
# आठौ वार्षिक साधारण सभा उद्घाटन सत्र

**पुस ०७, २०७४**

**अल्फा हाउस, बुद्धनगर, काठमाडौँ**

## संक्षिप्त प्रतिवेदन

देशका विभिन्न ३३९ भन्दा बढी राष्ट्रिय, अन्तर्राष्ट्रिय गैह्रसरकारी संघसंस्थाहरु, शिक्षक महासंघ, शिक्षामा क्रियाशील सञ्चार माध्यमहरु तथा अन्य समुदायस्तरमा परिचालित संघसस्थाहरुको राष्ट्रिय सञ्जालका रुपमा कार्यरत शिक्षाका लगि राष्ट्रिय अभियान नेपाल (एनसिई-नेपाल) ले गत पुस ०७, २०७४ का दिन अल्फाहाउस, बुद्धनगर, काठमाडौँमा संस्थाको आठौ साधारण सभा सम्पन्न गरेको छ।

शिक्षा क्षेत्रमा गुण्स्तरीयता, समावेशीता, पारदर्शिता एवं सवैको पहुँच सुनिश्चित गर्नका निमित्त क्रियाशिल यस अभियानलाई आफ्नो साधारण सभाका लागि तथा उत्तरोत्तर प्रगतिका लागि सुभकामना व्यक्त गर्नका निमित्त एनसिई नेपालका आफ्ना सदस्य संस्थाहरु मात्र नभएर अन्य शिक्षा तथा वालवालिकाका क्षेत्रमा क्रियाशिल सञ्जालहरु, पत्रकार, रणनीतिक साझेदार संघसंस्थाहरु, शिक्षाविद् लगायतका प्रतिनिधिहरुपनि उक्त साधारण सभाको उद्घाटन समारोहमा उपस्थित थिए। साधारण सभाको उद्घाटन सत्रका प्रमुख अतिथी माननीय अनुप राज शर्माज्यू, अध्यक्ष, राष्ट्रिय मानवअधिकार आयोग, ले एनसिई-नेपालद्धारा प्रकाशन गरिएका शिक्षा सम्बन्धी पोस्टरहरुको अनावरण गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। शिक्षामा घट्दै गएको बजेटले निम्त्याएको जोखिम र बढ्दै गएको निजीकरणको प्रभाव, नेपालको संविधानले मौलिक हकमा निशुल्क र अनिवार्य भनी राखेको शिक्षा व्यवहारिक रुपमा सो सरह हुन नसकेको र यस्तो अवस्थामा शिक्षामा प्रगतिशिल कर एक विकल्पका रुपमा रहन सक्ने जस्ता विषयवस्तुहरुलाई सो पोस्टरहरुमा दर्शाइएको थियो। कार्यक्रममा बोल्दै माननीय अनुपराज शर्मा ज्यूले विद्यालयसँग सम्बन्धीत आफ्नो व्यक्तिगत अनुभव सुनाउनु हुदैं विगतमा आफूले विद्यालयमा पाएको दण्डले जन्माएको त्रास आजको दिनसम्म आईपुग्दा पनि त्यो यथावत अवस्थामा रहेको स्वयम् मानवअधिकार आयोगका अध्यक्षको रुपमा विद्यालयहरु अवलोकन गर्ने क्रममा अनुभव भएको बताउनुभयो। उहाँले विगतबाट




*एनसिई-नेपालको आठौं साधारण सभामा उपस्थित प्रमुख अतिथी राष्ट्रिय मानवअधिकारका माननीय अध्यक्ष श्री अनुप राज शर्मा लगायत अन्य अतिथीगणहरु*



*एनसिई-नेपालद्धारा प्रकाशित सन्देशमूलक पोष्टरहरु अनावरण गरी वार्षिक साधारण सभाको उद्घाटन गर्नुहुदैं राष्ट्रिय मानवअधिकारका माननीय अध्यक्ष श्री अनुप राज शर्माज्यु*

अहिलेसम्म आउँदै गर्दा विद्यालयहरुको भौतिक पूर्वाधारमा सुधार भए पनि शिक्षाको गुणस्तरमा कुनै आमूल परिवर्तन नभएको र विशेष गरी विषयगत ज्ञान भन्दा पनि बढी अंग्रजी भाषालाई महत्व दिने र अंग्रेजीलाई शिक्षाको गुणस्तरसँग तुलना गर्ने र
शिक्षालाई ज्ञान भन्दा पनि बढी पेशागत रुपमा लिने प्रचलन बारे पनि चर्चा गर्नुभयो । उहाँले शिक्षालाई शुल्क र अंग्रेजी भाषासँग मात्र तुलना गर्न नमिल्ने भन्दै, नेपालको संविधानमा उल्लेख भएको प्रावधानहरु, ऐन कानुन, नीतिनियमहरु अत्यन्तै राम्रो रहेको तर त्यसको कार्यन्वयन पक्ष चुनौतीपूर्ण रहेकोले मानवअधिकार आयोग एक्लैले मात्र होइन एनसिई नेपाल लगायत सबै निकाय तथा नागरिक अभियन्ताहरु मिलेर सरकारलाई घच्घचाउन आवश्यक रहेको हुदाँ हातेमालो गरी अघि बढ्नुपर्नेमा जोड दिनुभयो । यसका साथै शिक्षा, हरेक चरणमा चाहिने हुदाँ यसलाई जीवनपर्यन्त बनाउनुपर्छ भन्दै उहाँले एनसिई-नेपालको साधारण सभा र आगामी दिनका सबै अभियानहरु सफतापूर्वक सम्पन्न होउन् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।



*माननीय अध्यक्ष श्री अनुप राज शर्मा एनसिई-जेपाललाई शुभकामना दिनुहुदैं*

उक्त कार्यक्रमको उद्घाटन सत्रमा, संस्थाकी उपाध्यक्ष श्री शारदा कुमालज्यूले सार्वजनिक शिक्षा सुदृढीकरणमा एनसिई नेपालको भूमिकालाई झल्काउँदै हालसम्म गर्दै आईरहेको वकालत, पैरवी तथा सहकार्य र समन्वयनका लागि आफ्ना सदस्य संस्था, सरकारी निकाय लगायत अन्य सम्बन्धीत सबै सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र आगामी दिनहरुमा ती सम्बन्धहरु अझै सुदृढ हुने विश्वासका साथ, सो समारोहमा उपस्थित हुनुभएका सबै सहभागीहरुलाई स्वागत गर्नुभयो । शिक्षा अधिकारलाई मानव अधिकारको कोणबाट हेर्न जरुरी रहेको कुरामा जोड दिँदै उक्त कार्यक्रमको सहजीकरण एनसिई-नेपालका महासचिव श्री डिल्लीराम सुवेदीज्यूले गर्नुभएको थियो ।




*स्वागत मन्तव्य व्यक्त गर्नुहुदैं एनसिई-नेपालका उपाध्यक्ष श्री शारदा कुमालज्यु*

समारोहमा एनसिई-नेपालका सल्लाहकार तथा श्री गौरी प्रधानज्यूले शिक्षामा सवलीकरण र सुदृढीकरणका निमित्त एनसिई-नेपालले विगत लामो समय देखि शिक्षालाई मानव अधिकारको विषयको रुपमा स्थापित गर्दै यसको हक अधिकारको निमित्त पैरवी गर्न र यसलाई व्यवस्थित रुपमा अगााडि बढाउनुका निमित्त गरेका विभिन्न अभियान र प्रयत्नहरु प्रति धन्यवाद तथा आभार व्यक्त गर्नु भयो । विश्वव्यापी शिक्षा अभियानको अंगका रुपमा स्थापित भएको यस अभियानको निरन्तरताका निमित्त यसका नेतृत्वधारी अंगहरुप्रति आभार व्यक्त गर्दै उहाँले नेपालमा




*शिक्षा र मानव अधिकारलाई संयुक्त रुपमा वकालत गर्न आवश्यक रहको दर्शाउँदै, एनसिई-नेपालका सल्लाहकार श्री गौरी प्रधानज्यु*

शिक्षा अधिकारको सही तरिकाले अनुगमन हुन नसकेको अवस्थामा नागरिक समाजहरुले केही हदसम्म प्रयत्न गर्दै आएको तर ती प्रयत्नहरु पनि सवलीकृत अवस्थामा नभएको कुरा दर्शाउनु भयो । र यसका लागि अबका दिनहरुमा शिक्षालाई मानवअधिकारका पक्षबाट हेर्न प्रत्येक वर्ष राष्ट्रिय मानवअधिकार आयोग र एनसिई-नेपाल जस्ता निकायहरु बीच मानवअधिकारका दृष्टिकोणबाट शिक्षा क्षेत्रका उपलब्धी, चुनौती तथा समाधानका उपायहरुको सही अनुगमन तथा मूल्यांकनका निमित्त आवश्यक देखिएको सहकार्य र साझेदारीका लागि समेत अनुरोध गर्दै नागरिक समाजका अभियानहरुले शिक्षाको निरन्तरता र सुनिश्चितताका निमित्त योगदान दिन सकोस् भन्ने कामना समेत प्रकट गर्नुभयो ।

यसैगरी सो कार्यक्रममा सेफ द चिल्ड्रेन नेपालबाट पाल्नुभएकी कार्यक्रम निर्देशक श्री जुली एलेनज्यूले अभियानसँग सम्बन्धीत सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै, सो अभियानसँग स्थापनाकाल देखि अहिलेसम्म निरन्तर रुपमा सेफ द चिल्ड्रेन पनि आवद्ध हुन पाएकोमा गर्व महशुस भएको कुरा व्यक्त गर्नुभयो । उहाँले नेपालमा संघियता स्थापना भए पश्चात शिक्षा क्षेत्रमा आएको चुनौतीहरु र त्यसले ल्याएका अवसरहरु बीच हाल यस क्षेत्रमा काम गर्न सही समय रहेको बताउनुभयो । नयाँ अवसरहरुले नयाँ काम गर्ने तरिका नयाँ सहकार्य र साझेदारीहरुका बाटो खुलाउँछन् भन्दै उहाँले एनसिई-नेपालले हाल सम्म गर्दै आएका कामहरुलाई सराहनीय गर्दै सेफ द चिल्ड्रेन नेपालका तर्फबाट आउने दिनहरुमा पनि सो सहकार्यहरु निरन्तरतरुपमा अगाडि बढाउने कुरामा आफ्नो प्रतिवद्धता समेत जाहेर गर्नुभयो ।




*संघीयता पश्चात् नयाँ रुपमा सहकार्य गरि अघि वढ्न आवश्यक रहेको दर्शाउँदै सेफ द चिल्ड्रेन नेपालकी कार्यक्रम निर्देशक श्री जुली एलेन*




*आफ्नो शुभकामनाका साथ नेपाल शिक्षक महासंघका महासचिव श्री तिलक कुँवरज्यू*

यसैगरि नेपाल शिक्षक महासंघका महासचिव श्री तिलक कुवँरज्यूले, सार्वजनिक शिक्षालाई गुणस्तरीय बनाउन, शिक्षामा सबैको पहुँचमा पुऱ्याउन र अधिकारको रुपमा शिक्षा स्थापित गर्नका लागि शुरु भएको यस अभियानको आठौं साधारण सभाका निमित्त हार्दिक शभकामना व्यक्त गर्दै अहिले मुलूक संघीय गणतन्त्र भई राजनीतिक व्यवस्था परिर्वतन भएर स्थानीय सरकारहरु बनेका र प्रदेश र संघीय सरकारहरु बन्ने क्रममा रहेको र यही बीचमा शिक्षा र शिक्षकका अधिकारहरु स्थानीय तहमा गएको अवस्थामा एनसिई-नेपालले शिक्षकहरुका निमित्त पैरवी तथा वकालत गर्न आवश्यक रहेको कुरामा जोड दिनुभयो । उहाँले हाल स्थानीय तहमा नेपाल शिक्षक महासंघको सहभागी नभएको र शिक्षकको हकहितमा बोलदिने कोही नरहेको, त्यसैगरी केही राजनीतिक क्षेत्रबाट जानीबुझी शिक्षाको बजेट घटाइएको अनुभुती सबै समक्ष राख्दै सार्वजनिक शिक्षालाई तहसनहस बनाई नीजि शिक्षालाई प्रोत्साहन गरिरहेका निकायहरु र यसलाई समर्थन गर्ने सबै विरुद्ध खबरदारी पुऱ्याउनका लागि एनसिई-नेपालको अभियानले विशेष भूमिका खेल्नका लागि अपील समेत गर्नुभयो ।

उद्घाटन समारोहमै गैरसरकारी महासंघका वरिष्ठ उपाध्यक्ष श्री कृष्ण गौतमज्यूले पहिला शिक्षालाई रुची र चासोका रुपमा लिइन्थ्यो भने पछिल्लो समय आएर यसलाई मानवअधिकारको रुपमा लिईरहेको अवस्थामा नेपालको संविधानले पनि शिक्षालाई मौलिक हकको रुपमा राखेको छ जस अन्तर्गत थुप्रै काम तथा प्रतिवद्धाहरु भएका तर कार्यन्वयनमा पक्षमा समस्या रहेको उजागर गर्नुभयो । उहाँले कार्यन्वयन पक्ष फितलो भएका कारण नागरिक समाजले यसमा गरिरहेका निरन्तर वकालत तथा पैरवीहरु अहिले पनि अपरिहार्य रहेकोमा सबैको ध्यानाकर्षण गराउँदै, हाल दिगो विकास लक्ष्यको गोल ४ मा रहेको "गुणस्तरीय शिक्षा" का निमित्त एनसिई-नेपालले गैरसरकारी महासंघसँगको सहकार्यमा यसको नेतृत्व गरिरहेको कुरामा जोडदिनुभयो। शिक्षा र स्वास्थ्य जस्ता आधारभूत कुरामा भई रहेको नीजिकरण र राजनीति करणको अन्त्य गर्न यस विरुद्ध सबैले खबरदारी गर्न जरुरी छ भन्ने कुरामा जोड दिदैं उहाँले गैरसरकारी महासंघसँगसँगै रहेको प्रतिवद्धता समेत जाहेर गर्नुभयो ।



गैरसरकारी महासंघ र एनसिई नेपालको सहकार्य सदैव रहने कुरामा जोड दिंदै गैरसरकारी महासंघका वरिष्ठ उपाध्यक्ष श्री कृष्ण गौतमज्यू


शिक्षा अधिकारकर्मी श्री सलोनी सिंहज्यू जिवन पर्यन्त सिकाईमा जोड दिंदै

यसैगरी उक्त कार्यक्रममा शिक्षा अधिकारकर्मी श्री सलोनी सिंहज्यूले शिक्षामा केही व्यक्ति र समूहहरुको मात्रै प्रतिनिधित्व हुने र तीनको मात्र अभियान चलाउने कुराहरुबाट मुक्त भई यसमा सबै समुदाय, वर्ग, उमेर र क्षेत्रलाई समेटन जरुरी रहेको कुरा उल्लेख गर्नुभयो। शिक्षा प्रत्येक व्यक्तिको आवश्यकता हो भन्ने कुरामा जोड दिदैं उहाँले अबको दिनमा जीवन पर्यन्त शिक्षामा विशेष ध्यान दिन आवश्यक रहेको बताउनुभयो । उहाँले नैसर्गिक र मानवअधिकारको रुपमा नेपालको संविधानको धारा ३१ ले प्रत्याभूत गरेको शिक्षा सम्बन्धी अधिकार सबैको लागि समान हुननसकेको र अझै पनि नागरिकहरुले पूर्णरुपमा यसको अनुभूती गर्न नसकेको कुरालाई तड्कारोको रुपमा लिन जरुरी रहेको भन्नुभयो । अहिले स्थानीय, प्रदेश र संघीय निर्वाचनसँगै संघीय लोकतन्त्र स्थापनाका पूर्वाधारहरु बनीरहेको अवस्थामा स्वायत्त शासानले ल्याउने सकारात्मक र नकारात्मक दुवै प्रवाहहरु आउँछन् भन्ने कुरामा प्रष्ट गर्दै उहाँले शिक्षामा भएको खाड्ललाई कसरी पूर्ती गर्न सकिन्छ भन्ने कुरामा अभ्यास गर्न जरुरी रहेको बताउनुभयो । यसका साथै उहाँले समावेशी संरचना रहेको अबको सरकार निर्माण प्रक्रिया अन्योलमा परेको बेला गम्भीर रुपमा उहाँहरुको क्षमता अभिवृद्धि गर्न एनसिई नेपाल अग्रसर रहन आवश्यक रहेको वताउनुभयो ।

यसैगरी बालबालिका तथा शिक्षा अधिकार सम्बन्धी कार्यरत अन्य संस्थाहरु प्रतिनिधित्व गर्दै एनएसीजीका अध्यक्ष श्री रविन नेपालीज्यूले नागरिक समाज कुनै राजनीतिक दल होइन त्यसकारण नागरिक समाजसँग जनताले निकै धेरै अपेक्षा राखेको भन्दै देशलाई नागरिकहरुको खाँचो र आवश्यकता रहेको त्यसकारण आजको आवश्यकता कुनै राजनीतिक दलको कार्यकर्ता होइन, नागरिकका हकहित र अधिकारका निमित्त कार्य गर्न एक असल नागरिक हुन उपस्थित सबैमाझ अपील गर्दै आफ्नो शुभकामना व्यक्त गर्नुभयो ।




एनसिई-नेपालले विगत देखि अहिलेसम्म शिक्षाका अभियानलाई अझ निरन्तरता दिन आग्रह गर्दै युनेस्को नेपालका शिक्षा प्रमुख श्री बलराम तिमिल्सिनाज्यू




एनसिई नेपालसँगको शिक्षा अभियानका सहकार्य र साझेदारी अझ निरन्तर रुपमा अगाडि लाने प्रतिवद्धता व्यक्त गर्दै युनिसेफ नेपालका श्री पुरषोत्तम आर्चायज्यु

युनेस्को नेपालका शिक्षा प्रमुख श्री बलराम तिमिल्सिनाज्यूले सो समारोहमा बोल्दै एनसिई-नेपालले विगत देखि अहिलेसम्म शिक्षाका अभियानलाई जसरी गाउँ देखि शहर, शहर देखि राज्य र सम्बन्धीत निकायहरुमा वकालत तथा पैरवीहरु गर्दै आएको छ, त्यसलाई निरन्तरता दिन आग्रह गर्दै आफ्नो शुभकामना व्यक्त गर्नुभयो । उहाँले सबैलाई इमान्दारीताका साथ नागरिकको भूमिका निवार्ह गर्दै शिक्षाका अभियन्ता बन्न अनुरोध गर्नुभयो र राजनीतिक दलसँग भएको राम्रो नीतिनियम कार्यन्वयनमा इमान्दारीता साथ सहजीकरण गरिदिन र नभएको अवस्थामा प्राविधिक सहयोग गरी नागरिक समाजको कर्तव्य पूरा गरिदिन समेत एनसिई-नेपाललाई आग्रह गर्नुभयो । मानवअधिकारको पक्षबाट शिक्षालाई कसरी लान सकिन्छ र शिक्षालाई गुणस्तरीय, समावेशी, समतामूलक तथा जीवनपर्यन्त शिक्षा कसरी बनाउन सकिन्छ सो कुरा सबैलाई जानकारी दिन आवश्यक रहेको वताउनुभयो । साथै अबका दिनमा७५३ वटा निकायहरुमा ७५३ वटा शिक्षा ऐन, नियम बन्दा हुने चुनौती बारे खबरदारी गर्न जरुरी रहेको कुरामा जोड दिदैं उहाँले यसरी संयुक्त राष्ट्र संघका अभियानहरुलाईसँगै लिएर जान आफूहरुको सधै साथ र प्रतिवद्धता रहेको जानकारी पनि गराउनुभयो ।

यसैगरी युनिसेफ नेपालका शिक्षा विशेषज्ञ श्री पुरुषोत्तम आर्चायज्यूले अबको दिनमा शिक्षा क्षेत्रका अभियानकर्ताहरुका निमित्त आएको थप चुनौती बारे सबैको ध्यानाकर्षण गराउनुहुदैं उहाँले सामुदायिक विद्यालयहरु कक्षा १ बाट अंग्रेजी भाषामा संचालन हुदैं गरेको र अन्य विद्यालयहरुले पनि नीजि विद्यालयसँगको प्रतिश्पर्धा र रोजगारीको अवसरहरुलाई नियाल्दै कक्षा १ बाटै अंग्रेजी माध्यममा संचालन गर्ने योजनाहरु बनाई रहेको अवस्थामा त्यसले सिकाईको उपल्ब्धी, गुणस्तर, शिक्षामा सबैको पहुँच, समावेशीकरण र समता, बालमैत्री शिक्षा, आदिलाई कति मद्दत र योगदान पुऱ्याउँछ भन्ने पक्षलाई ध्यानपूर्वक अध्ययन गर्न जरुरी रहेको बताउनुभयो । यसैक्रममा अबको स्थानीय सरकारहरुले बनाउने योजना, नीतिनियममा यसको सम्भावित प्रभाव उपर चिन्तीत हुनुहुदैं, यसमा नागरिक समाजको दायित्व के हुन सक्छ भनेर सोच्न सबैलाई आग्रह समेत गर्नुभयो र यसै क्रममा एनसिई-नेपालसँगको शिक्षा अभियानमा हुदैं आईरहेको सहकार्य र साझेदारी अबको दिनमा पनि निरन्तर अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

यसैगरि उक्त कार्यक्रमको उद्घाटन समारोहमै, वरिष्ठ शिक्षाविद् तथा एनसिई-नेपालका सल्लाहकार प्रा.डा. मनप्रसाद वाग्लेज्यूले शिक्षालाई कहिले पनि मानवअधिकारको दृष्टिकोणबाट नहेरिएको सत्यता व्यक्त गर्नुहुदैं शिक्षाक्षेत्रले मानवअधिकारको माया नपाएको गुनासो पोख्नुभयो । शिक्षामा घट्दै गएको बजेट, त्यो पनि शिक्षकको तलबको लागि मात्र राखेर गुणस्तरीय शिक्षा उपल्ब्ध नहुने प्रष्ट पार्दै, उहाँले

शिक्षा र मानवअधिकारलाई कानुनी मात्र नभएर व्यवहारिक पक्षबाट पनि हेर्न आवश्यक रहेको कुरा दर्शाउनुभयो । उहाँले, संविधानमा शिक्षाको मौलिक हकको रुपमा अपाङ्गता र दृष्टिबिहिन भएकाहरुलाई समावेश गर्ने भनिएता पनि व्यवहारिकतामा उनीहरुको पहुँच विद्यालयमा हुन नसकेको जसले गर्दा उनीहरुको मानवअधिकार हनन् भएको भन्दै सबैको ध्यानाकर्षण गराउनुभयो । अझै पनि विद्यालयहरुमा दण्ड र सजायहरु दिइने प्रचलनप्रति मानवअधिकार मौन रहेको विडम्वना जनाउँदै नेपालको संविधानमा उल्लेख भएको शिक्षा सम्बन्धी प्रावधानले निशुल्क र अनिवार्य भनेको शिक्षा गरीबको लागि मात्र भएको व्यवहारिकताको विभेदले पनि मानवअधिकार हनन् भएको सन्दर्भमा एनसिई-नेपालले पछिल्लो समय उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगलाई बुझाएको प्रतिवेदनमा शिक्षामा नीजिकरण बन्द हुनुपर्छ र शिक्षाको सम्पूर्ण जिम्मेवारी राज्यले लिनुपर्छ भनेर दिइएको सुझाव प्रति पनि सबै सहभागीहरुको ध्यान केन्द्रित गराउनुभयो । उहाँले अब औपचारिक शिक्षाबाट वञ्चित भएका सबैलाई अनौपचारिक वा अन्य वैकल्पिक माध्यमबाट शिक्षा उपलब्ध गराई त्यसबीचको खाडल हटाउन जरुरी रहेको कुरामा जोड दिनुहुदैं सार्वजनिक शिक्षा सुदृढीकरणका निमित्त विद्यार्थी, स्थानीय निकाय र आम नागरिकहरु बीच सहकार्य र समन्वयन गरेर लान नसकिएको खण्डमा शिक्षाले मानवअधिकारको उद्देश्य प्राप्त गर्न नसक्ने प्रष्ट पार्नुभयो । साथै एनसिई-नेपालले यस्ता कुरामा अझ बढी ध्यानर्पूक कार्य गर्ने अपेक्षाका राख्नुहुदैं स्वयम् आफू पनि यस अभियानसँग निरन्तर रुपमा जोड्दै आएको र आउने दिनहरुमा पनि त्यसलाई निरन्तरता दिइने प्रतिवद्धता जाहेर गर्नुभयो ।




*सार्वजनिक शिक्षा सुदृढीकरणको वकालतमा सदैव एनसिई नेपाल तत्पर रहेको कुरा व्यक्त गर्दै वरिष्ठ शिक्षाविद् तथा एनसिई-नेपालका सल्लाहकार प्रा.डा.मनप्रसाद वाग्लेज्यू*




*सहभागीहरु सबैजनालाई धन्यवाद व्यक्त गर्नुहुदैं एनसिई-नेपालका अध्यक्ष श्री कुमार भट्टराईज्यू*

उद्घाटन सत्रको अन्त्यमा, एनसिई-नेपालका अध्यक्ष श्री कुमार भट्टराईज्यूले साधारण सभाको उद्घाटन समारोहमा पाल्नुभएका अतिथी लगायत नागरिक समाजको प्रतिनिधित्व गर्दै कार्यक्रममा उपस्थित हुनुभएका सबै सहभागीहरुप्रति आफ्नो कृतज्ञता व्यक्त गर्नुभयो । उहाँले कार्यक्रममा प्राप्त भएका सल्लाह, सुझाव र अनुभवहरु एनसिई-नेपालका भावी योजनाहरुमा समावेश गरिने वचनवद्धता गर्नुहुदैं, एनसिई नेपाललाई नागरिक समाजका प्रतिनिधीमूलक संस्थाका रुपमा अझ अघि वढाउने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

# कार्यक्रमका केही झलकहरु
















